वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर, सुर्खेत

## कर्णाली प्रदेश, सुर्खेत

पत्र संख्या : २०७९/०८०

चलानी नं.: 8536

मिति : २०७९/१२/२९

**विषय : निर्देशन सम्बन्धमा ।**

वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु ।

प्रस्तुत विषयमा आगामी शैक्षिक सत्र २०८० वैशाख १ गतेबाट शुरु हुने सन्दर्भमा विद्यार्थी भर्नासंगै पठन पाठन लगायत विद्यालयमा देहाय बमोजिम शैक्षिक गतिविधिहरु गर्न गराउन हुन यसै सूचना मार्फत सम्पूर्ण विद्यालयहरुलाई निर्देशन गरिएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१) वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिसंग आवश्यक समन्वय र सहकार्य गर्दै **समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान** भन्ने आदर्श वाक्यका साथ वि.सं. २०८० बैशाख ३ देखि १५ गतेसम्म विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने गराउने ।

२) सामुदायिक विद्यालयहरुले विद्यार्थी भर्ना र स्वागतसंगै निःशुल्क पाठ्यपुस्तक प्रदान गर्ने कार्यलाई सुनिश्चित गर्ने ।

३) यस कार्यालयद्वारा घरधुरी सर्वेक्षणका क्रममा विद्यालयभन्दा बाहिर देखिएका आफ्ना सेवाक्षेत्रका बालबालिकाहरुलाई बैशाख १५ गतेदेखि मसान्तसम्म विद्यालयमा ल्याउनका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

४) विद्यालयको एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।

५) असहाय, अनाथ तथा अति विपन्न बालबालिकाहरुलाई विद्यालयमा भर्ना एवम् अभिभावकत्व ग्रहण गर्नका लागि सार्वजनिक रुपमा अनुरोध गर्ने । कुनै बालबालिकाको अभिभावकत्व ग्रहण कुनै व्यक्तिले गरेमा सो को अभिलेख व्यवस्थित रुपमा राखी यस कार्यालयलाई जानकारी दिने ।

६) सम्बन्धित वडा शिक्षा समितिसंगको समन्वय र सहकार्यमा सामुदायिक विद्यालयहरुले आफ्नो सेवाक्षेत्रका बालबालिकाहरु विद्यालयमा भर्ना भए नभएको सुनिश्चित गरी विद्यालय बाहिर बालबालिका नभएको स्वःघोषण गर्ने ।

७) वि.सं. २०८० बैशाख १७ गतेदेखि पठन पाठन नियमित रुपमा सञ्चालन गर्ने गराउने ।

८) नियमानुसार अनुमति लिएर विद्यालय/मन्टेश्वरी सञ्चालन गर्ने गराउने कार्यमा आवश्यक सहयोग गर्ने । अनुमति पाएका विद्यालयहरुले न्यूनतम मापदण्ड/पूर्वाधार पूरा गरेर मात्र अनुमति पाएका कक्षाहरु अनिवार्य रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्ने ।

९) संस्थागत विद्यालय सम्बन्धी निर्देशिका निर्माणको लागि छलफलको चरणमा रहेकाले साविकको जिल्ला शिक्षा कार्यालयबाट गरिएको विद्यालय वर्गीकरण अनुसार निर्धारण गरिएको श्रेणीका आधारमा शुल्क निर्धारण नगर्ने नगराउने । वर्गीकरण भएको सार्वजनिक सूचना/संकेत/लोगोलाई २०८० बैशाख ७ गतेभित्र अनिवार्य रुपमा हटाउने ।

१०) विदेशी विद्यार्थीको न्यूनतम विद्यार्थी भर्ना विना नै इन्टरनेशनल नाम राखेका विद्यालयहरुले विद्यालयको नामबाट **इन्टरनेशनल** शब्द अनिवार्य हटाई विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने गराउने ।

११) संस्थागत विद्यालयहरुले विद्यालयबाट पोशाक र पाठ्यपुस्तक विद्यार्थीलाई किन्नुपर्ने बाध्य बनाउन नहुने ।

१२) संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८० मा विद्यालयले प्रदान गर्ने सेवा सुविधाको आधारमा लिइने प्रस्तावित शुल्क विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघबाट निर्णय गराई यस कार्यालयमा पेश गर्ने । साथै सो को विवरण अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्ने ।

१३) विद्यालयहरुले नियमानुसार छात्रवृत्ति तथा सहुलियत प्रदान गरेका विद्यार्थीहरुको नामनामेसी विवरण वैशाख मसान्तसम्म अनिवार्य रुपमा सार्वजनिक गर्ने र यस कार्यालयमा पेश गर्ने ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

१४) आधारभूत शिक्षा परीक्षा (कक्षा ८) को बार्षिक परीक्षामा कम्तिमा दुई विषयमा ३५ प्रतिशत भन्दा कम अंक ल्याएका विद्यार्थीहरुलाई थप सिकाइ मार्फत ग्रेड बृद्धिका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

१५) सामुदायिक विद्यालयमा कार्यरत् स्थायी शिक्षककहरुको शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) अनुसार कार्य सम्पादन मूल्यांकन सम्बन्धी कार्य गर्ने गराउने ।

१६) शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा १२ सम्म सबै कक्षामा परिमार्जित पाठ्यक्रम कार्यान्वयन हुने सन्दर्भमा पाठ्यक्रमले निर्धारण गरेको पाठ्यघण्टा र कार्यघण्टा नघट्ने गरी विद्यालयको दैनिक समयतालिका, बार्षिक कार्यपात्रो र शिक्षकका लागि आवश्यक पर्ने बार्षिक तथा साप्ताहिक एवम् थिमगत् योजनाहरु निर्माण गर्ने गराउने ।

१७) नगरपालिकामा सञ्चालित सबै विद्यालयहरुले कक्षा १ देखि ८ सम्म अनिवार्य रुपमा **स्थानीय विषय (हामी र हाम्रो वीरेन्द्रनगर)** प्रभावकारी रुपमा लागू गर्ने गराउने । कक्षा १ देखि ५ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक व्यवस्थापनका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने ।

१८) वीरेन्द्रनगर १० मा सञ्चालित मदरसा मदिना माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८० मा कक्षा ६ देखि अनिवार्य रुपमा मदरसा धारका विषयहरु अध्ययन अध्यापन गर्नका लागि आवश्यक सहजीकरण गर्ने ।

१९) शैक्षिक सत्र २०८० को विद्यार्थी भर्ना कार्यक्रम सम्पन्न भएपश्चात जेठको पहिलो सातामा अनिवार्य रुपमा एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) अद्यावधिक गर्ने गराउने कार्यलाई प्राथमिकता दिने ।

२०) विद्यालयमा कार्यरत शिक्षककहरुलाई अध्ययन अध्यापनका अलावा अन्य विभागीय जिम्मेवारी बाँडफाँड गरी विद्यालयमा अतिरिक्त क्रियाकलाप, स्काउट, रेडक्रस, खेलकूद आदि पक्षलाई समेत सञ्चालन तथा परिचालन गर्ने कार्यमा जोड दिने ।

२१) शैक्षिक सत्र २०७९ मा विद्यार्थीहरुले कक्षागत र विषयगत रुपमा प्राप्त गरेको नतिजा विश्लेषण गरी सिकाइ उपलब्धिमा थप सुधारका लागि आवश्यक रणनीतिक योजनाहरु निर्माण गरी कार्यान्वयन गर्ने ।

वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत